# सिद्धिचरण नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय,ओखलढुंगा

### भेटनेरी औषधि खरिद सम्बन्धी विद्युतिय दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०८/१९

यस कार्यालयको चालु आ.व २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस नगरपालिका अन्तरगतका पशु विकास शाखबाट वितरण हुने पशुपन्छीका औषधिहरु निशुल्क रुपमा वितरण गरिने औषधिहरु विद्युतिय दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक र योग्य फर्महरुले तपसिलमा उल्लेखित शर्त बमोजिम विद्युतिय दरभाउपत्र पेश गर्न आव्हान गरिन्छ ।

१.दरभाउपत्र दस्तुर बापतको रकम यस कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक ओखलढुंगा शाखा स्थित आन्तरिक राजश्व खाता नं २०७०१००३०१०१०००३ मा रु १०००(एक हजार पछि फिर्ता नहुने गरी)दाखिला गरी सोको भौचर पेश गरिएको हुनु पर्नेछ ।

२.दरभाउपत्र खरिद कर्ताले कम्पनी/फर्म दर्ता प्रमाण पत्र,बिक्रि इजाजत पत्र,मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र,आ.व २०७९/८० को कर चुक्ता प्रमण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

३.विद्युतिय दरभाउपत्र दर्ता वापत सूचनामा तोकिए बमोजिमको जमानत रकम यस कार्यालयको रा.वा.बैंक,ओखलढुंगा शाखा स्थित धरौटी खाता नं २०७०१००३०३००००००३ मा नगद जम्मा गरेको भौचर वा दरभाउपत्र खोलिने मितिले कम्तीमा ४५(पैतालिस) दिनको मान्य अवधि रहने स्वीकृत प्राप्त क वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको बैंक जमानत (बैंक ग्यारेन्टी) पेश गर्नु पर्नेछ

४.दरभाउपत्रदाताले खरिद कार्यमा अयोग्य नभएको,प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नबाझिएको,खरिद कारवाहीमा भागलिन अयोग्य नभएको र व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भनी लिखित स्वघोषणा पत्र पेश गर्नु पर्नेछ ।

५.दरभाउपत्र आव्हान सम्बन्धी सूचना प्रकाशन गरिएको मितिको १६(सोह्रौं) दिनको १२:०० बजे भित्र विद्युतिय माध्यमबाट दरभाउपत्र पेश गर्नु पर्नेछ ।

६.तोकिएको समय भित्र रित पूर्वक दर्ता हुन आएका विद्युतिय दरभाउपत्रहरु सोही दिनको १४:०० बजे देखि दरभाउपत्रदाताका प्रतिनिधिहरुको रोहवरमा वा प्रतिनिधि उपस्थित नभएपनि यस कार्यालयमा खोलिनेछ ।

७.दरभाउपत्र विद्युतिय माध्यमबाट पेश गर्ने अन्तिम दिन बिदा परेमा बिदा पछि लगतै कार्यालय खुलेको दिन सूचनामा तोकिएको समयभित्र विद्युतिय दरभाउपत्र पेश गर्न सकिनेछ ।

८.सिलबन्दी दरभाउपत्र साथ विश्वस्नीय पशुपन्छी कम्पनिका गुणस्तरयुक्त औषधि व्यवस्था विभागमा रजिष्टर्ड भएको हुनु पर्ने छ र प्रत्येक औषधिको आयात इजाजत पत्र उत्पादन अनुज्ञापत्र पेश गर्नु पर्ने छ । साथै यसै पशुपन्छी औषधिउत्पादन गर्ने कम्पनीको नाम समेत एल्लेख गर्नु पर्ने छ ।

९.आपूर्ति गरिने पशुपनेछी औषधीका मान्य अवधि मिति (Expiry Date )स्टोर दाखिला भएको दिनबाट कम्तिमा१८ महिना वा ७५ प्रतिशत वा जुन बढी हुन्छ सो अवधि बाँकी भएको हुनु पर्ने छ र १८ महिना भन्दा कम Expiry Date भएका औषधिका हकमा स्टोर दाखिला मितिले कम्तीमा ७५ प्रतिशत म्याद बाँकी हुनु पर्ने छ ।

१०.आपूर्ति हुने औषधिहरुको प्रत्यक Strip/Lebeling/Packeting को बाहिर उत्पादन मिति,Expiry Date,Batch No,उत्पादक कम्पनीको नाम उल्लेख भएको हुनु पर्नेछ ।

११.धुलो र झोल औषधि बाहेकका औषधिहरु Strip मा मात्र आपूर्ति गर्नु पर्नेछ।बोतल र ट्यूबमा आपूर्ति हुने सबै औषधिहरु सिलबन्दी हुनु पर्नेछ।

१२.कार्यालय सम्म औषधि ढुवानी वापत लाग्ने खर्च र सबै प्रकारका करहरु दरभाउपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

१३.दरभाउपत्रदाताले उपलब्ध गराउने औषधि स्वदेशी उत्पादन भएमा खरिदकर्ताको नाममा उल्लेखित दरभाउपत्र प्रयोजनको लागि जारी गरिएको सक्कल आधिकारिक पत्र (Authorization Letter) विदेशी उत्पादन नेपाल भित्र वितरणको लागि तोकिएको आधिकारिक एजेन्टबाट लिएको सक्कलै आधिकारिक पत्र र औषधि व्यवस्था विभागको पैठारी सिफारिस पत्रको नविकरण गरिएको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

१४.दरभाउपत्र पेश गर्दा मूल्य अभिवृद्धि कर समेतको मूल्य समावेश गरी पेश गर्नु पर्नेछ ।

१५.यो सूचनामा उल्लेख भएका कुराहरुको हकमा यसै बमोजिम र सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन,२०६३ र नियमावदी,२०६४ बमोजिम हुनेछ ।

१६.अन्य आवश्यक कुराहरु जानकारी लिनु परेमा सम्पर्क नं ९८५२८४१९९९ मा सम्पर्क राख्न सकिनेछ ।

तपसिल

| सि.नं. | ठेक्का नं | विवरण | इस्टिमेट अंक | जमानत रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १. | Goods/SQ/04/2080/81 | भेटनरी औषधि खरिद | १०,५०,०००।०० | २७,०००।०० | |

बलराम लम्साले
प्रमुख प्रशासकीय अधिकृत